# मिक्लाजुङ गाउँपालिका, मोरङको आ.ब. २०८०/०८१ को बजेट तथा कार्यक्रमको हालसम्मको प्रगतिको अवस्था विश्लेषण

**पृष्ठभूमीः**

मिक्लाजुङ गाउँपालिका, मोरङको आ.ब. २०८०/०८१ को कुल बजेट ८१ करोढ ६६ लाख २८ हजार तीन सय मध्ये चालु खर्च तर्फ ४२ करोढ ५ लाख ६३ हजार ५७४ र पुँजिगत खर्च तर्फ ३९ करोढ ६० लाख ६४ हजार ७२६ रूपैया विनियोजन गरिएको । गाउँपालिकाको प्राथमिकताका क्षेत्र मध्ये कृषि क्षेत्रको विकासका लागि रु १ करोढ १२ लाख ९५ हजार, पशुपंक्षी विकास कार्यक्रमका लागि रु ६१ लाख तथा शिक्षा क्षेत्रको व्यवस्थापन र विकासका लागि रु ३ करोढ २० लाख ९९ हजार, लक्षित वर्गको उत्थानका लागि रु १ करोढ ३४ लाख ८ हजार, स्वास्थ्य क्षेत्रको व्यवस्थापनका लागि रु १ करोढ ४२ लाख २० हजार, युवा तथा खेलकुदका लागि ५३ लाख विनियोजन गरिएको थियो । यसै गरी भौतिक पूर्वाधार विकास तर्फ कूल रु १२ करोढ १० लाख, खानेपानी तथा सरसफाइका लागि रु १ करोढ ५ लाख तथा आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न हुन बाँकी गाउँपालिका तर्फका योजनाहरूको क्रमागतका लागि रु ११ करोढ १९ लाख र वडा तर्फका क्रमागत योजनाका लागि कूल रकम रु ३२ लाख, वडाहरूकाको सिलिङका लागि रु ५ करोढ ३० लाख विनियोजन गरिएको थियो ।

गाउँपालिकाका विभिन्न विषयगत शाखाहरूबाट हालसम्म सम्पन्न भएका योजना, कार्यक्रम तथा बजेट खर्चका सम्वन्धमा गाउँपालिकाको अर्धबार्षि प्रगति समिक्षा सम्पन्न गरिएको छ । विषय क्षेत्रगत वित्तिय प्रगति र हालसम्म सम्पदन भएका उल्लेख्य कार्यहरू निम्नानुसार रहेका छन्

**क) पुर्वाधार विकास**

कुल बजेट शशर्त सहितः रु ३८,५७,४५,५८०.००

हालसम्मको कुल खर्चः ७,००,७४,८६२.०० खर्च प्रतिशतः १८.१६%

वडा स्तरीय योजनाहरूको हालसम्मको प्रगति अवस्था हेर्दा साना ठूला गरी कुल १३१ आयोजना मध्ये ५४ वटा योजनाहरू सम्पन्न भएको, ९३ योजना सम्झौता भई कार्य भईरहेको छ ।

यसै गरी पालिका स्तर ३५ योजनाहरु मध्ये ४ वटा योजना सम्पन्न भैसकेको र ३१ योजना सम्झौता भई कार्य भईरहेको छ ।

भौतिक पूर्धाधार सम्म यस आ.ब.मा भएका उल्लेखनीय कार्यहरु

- यामचोक खोलिटार सडक कालोपत्रे जसले ३,४,५ नं वडा हरुलाई एक आपसमा जोड्छ।
- मिक्लुखोला मोटरेबल पूल जस्ले वडा ३ र ४ लाई जोड्छ।
- पर्यटकीय स्थल कोलुङ झरना वडा नं ४ सम्मको मोटरेबल बाटो।
- भवन नक्साको अभिलेखिकरण , निर्माण ईजाजत र निर्माण सम्पन्न प्रतिवेदन

**आगामी आ.ब.मा सम्पन्न हुने गरी सुरु गरिएका महत्पूर्ण योजनाहरू**

- मावा खोला नाइटेवानी मलामी टहरा सडक कालोपत्रे लागत अनुमान रु ३ करोड
- मिनेचोक भण्डारीचोक सडक कालोपत्रे लागत अनुमान रु ४ करोड
- वडा नं. ३ र ४ लाई जोड्ने मिक्लु खोला पुल अनुमानित लागत रु ४ करोड
- वडा नं. ५ को सोल्टीखोला पुल अनुमानित लागत रु ४ करोड
- वडा नं. २ र ३ जोड्ने मगर खोला अनुमानित लागत रु ४ करोड

भौतिक पूर्वाधार निर्माणका मुख्य चुनौतीहरू

- उपभोक्ता समिति सम्बन्धि तालिम को आवस्यकता
- स्थानीय डकर्मी/सकर्मी मा तालिम को आवस्यकता
- प्राविधिक स्रोत साधन को कमि
- भवन निर्माण इजाजत कार्यविधि को कमि

**ख) कृषि विकास**

कृषि क्षेत्रको विकासका लागि विनियोजित कूल बजेट रु १,५६,२१,०००.०० मध्ये हालसम्म कुल खर्चः ४१,९८,१०८.०० ( २६.८७%) वित्तिय प्रगति भएको छ ।

कृषि क्षेत्रमा भएका उल्लेख्य कार्यहरू मा माहुरी, धान, च्याउ र केरा पकेट क्षेत्रको बिकास कार्यक्रम सम्पन्न भई पकेट क्षेत्र संचालनमा रहेकाछन् । यसै गरी अनुदानमा बिउ/ विरुवा वितरण कार्यक्रम (तोरी, आलु, सूर्यमुखी, आँप, मेकेडेमिया, कागती, अकबरे आदी का साथै कृषि चुन वितरण, निःशुल्क माटो परिक्षण, मकै छोडाउने मेशिन वितरण र आकश्मिक बाली संरक्षण कार्यक्रम सम्पन्न भएका छन् ।

**ग) शिक्षा**

विद्यालय शिक्षाका लागि वनियोजित कूल बजेट नेपाल सरकार ससर्त अनुदान सहित रु २२,२६,४९,३००.० मध्ये हालसम्मको कूल खर्चः १२,५५,१६,९७६.७६ (५५.२%) वित्तिय प्रगति भएको देखिन्छ ।

शिक्षा क्षेत्रमा यस आ.ब.मा हालसम्म भएका उल्लेखनीय कार्यहरु

- विज्ञान विषयको पठनपाठन सुरुः पहिलो पटक कक्षा ११ मा विज्ञान विषयको पठनपाठन सुरु गरिएको ।
- पालिकाको पहिचानका कार्यक्रमः १४ पालिकाहरूको सहभागितामा जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड र जिल्लाका ९२ विद्यालयको सहभागितामा जिल्लास्तरीय जु.रे.स. गोष्ठी सम्पन्न ।
- स्थानीय पाठ्यक्रमः आधारभूत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिएको ।
- भाषा सँस्कृति संरक्षणः मातृभाषा र लिपिको संरक्षणका लागि किराँत भाषा लिपि कक्षा संचालन गरिएको ।

- सिप र सँस्कार सहितको शिक्षाः स्काउट विद्यार्थीको क्षमता विकास, जुनियर रेडक्रस सर्कल गठन, परम्परागत सिप विकास कार्यक्रम संचालन ।
- लेखा तथा जिन्सी अभिलेख व्यवस्थापनः सबै विद्यालयमा लेखा र जिन्सी अभिलेख व्यवस्थीत भएको
- विद्यालयहरूको सघन अनुगमनः शिक्षा समिति पदाधिकारीबाट विद्यालय सघन अनुगमन गरी विद्यालयको वास्तविक अवस्था पहिचान गरिएको ।

स्थलगत अनुगमनमा पाइएको विद्यालयको भौतिक अवस्थाः

- कूल ३९ विद्यालय मध्ये २८ वटा विद्यालयको आफ्नै जग्गा रहेको बाँकी विद्यालयको जग्गा भोगचलन अनुमति रहेको ।
- कूल ५ वटा विद्यालयको जग्गाबाट आम्दानी हुने अवस्था रहेको ।
- कूल ८ वटा विद्यालयमा केही भवन कच्ची रहेको तर कच्ची भवन मात्र भएका विद्यालय नरहेको ।
- कूल ३९ विद्यालयमा एक पटकमा ३२३ वटा कक्षा संचालन गर्न १९ कक्षा कोठा अझै पनि अपुग भएको ।
- एक पटकमा ३२३ कक्षा संचालन गर्न २६७ मात्र दरवन्दी भएको ।
- कूल २ विद्यालयमा विद्युत सुविधा नपुगेको र ३ वटा विद्यालयमा इन्टरनेट सुविधा नपुगेको ।
- सबै विद्यालयमा शौचालय भएको भएतापनि, २१ विद्यालयमा मात्र महिलाका लागि छुट्टै शौचालय भएको र छुट्टै अपाङ्गतामैत्री शौचालय कुनै पनि विद्यालयमा नरहेको ।
- कूल ३९ विद्यालय मध्ये ८ वटा विद्यालयमा मात्र कम्पाउण्डवाल पक्की पूर्ण भएको, १० वटामा अधुरो रहेको, १३ वटामा तारजालीको कम्पाउण्ड घेरा रहेको र ८ वटा विद्यालयमा कम्पाउण्ड खुला रहेको ।
- कूल विद्यालय मध्ये ४ वटामा कम्प्युटर नभएको, कम्प्युटर भएका मध्ये ५ वटामा प्रीन्टर नभएको, धेरै विद्यालयमा फोटोकपी मेशिन नभएको ।
- कूल ७ विद्यालयमा मात्र विज्ञान प्रयोगशाला भएको।

**शिक्षा क्षेत्रको प्रमुख चुनौती**

- साना विद्यालय धेरै भएको, धेरै विद्यालयमा विद्यार्थी संख्या न्यून हुँदा प्रति विद्यार्थी लागत अधिक भएको ।

**घ) स्वास्थ्य**

यस गाउँपालिकाको स्वास्थ्य क्षेत्रका लागि विनियोजित कूल बजेटः रु ५,५९,३२,०००.०० मध्ये हालसम्म कुल खर्चः रु २,५६,६१,३१५.२० (४५.८७%) वित्तिय प्रगति भएको देखिएको छ ।

जनस्वास्थ्य सुविधाका क्षेत्रमा यस आ.ब.मा भएका प्रमुख कार्यहरु

१. यस वर्षदेखि मधुमल्ला अस्पतालबाट ओ पि डी सेवा,प्रयोगशाला सेवा ,स्वास्थ्य बिमा कार्यक्रम, एक्स-रे सेवा र भिडियो एक्स-रे सेवा सेवाहरु नियमित गरिएको छ ।

२. राष्ट्रिय अभियान संचालन अन्तर्गत भिटामिन ए वितरण, जुकाको औषधि खुवाउने अभियान र दादुरा रुवेला खोप अभियान संचालन गरिएको छ ।

३. पूण खोप सुनिश्चितता गर्न घर-घरमा गई छुटेका बच्चाको खोजिगर्ने कार्य सुरु गरिएको छ ।

४. महिला स्वास्थ्य स्वयमं सेविका परिचालन तथा प्रोत्साहन कार्यक्रम संचालन गरिएको ।महिला स्वास्थ्य स्वयम सेबिकालाई वार्षिक रु २५०००।- प्रोत्साहन भत्ता उपलब्ध गराइएको ।

५. स्वास्थ्य सेवाको न्युनतम् गुणस्तर शुनिश्चितता गरिएको

६. विभिन्न सिपमा आधारित तालिम संचालन गरिएको ।

७. ग्रामीण अल्ट्रासाउण्ड सेवा अन्तर्गत हरेक स्वास्थ्य चौकिमा गई अल्ट्रासाउण्ड सेवा दिएको । यस आ.ब.मा हालसम्म यस सेवाबाट २०७ जना लाभान्वित भएको ।

८. विपन्न सिफारिस सेवा अन्तर्गत हालसम्म ५९ जनालाई सेवा प्रदान गरिएको ।

**ङ) <u>न्यायिक समिति</u>**

गाउँपालिकाको न्यायिक सेवाका लागि कुल बजेटः १७,७०,०००.०० विनियोजन गरिएकोमा हालसम्मको कुल खर्चः ७,४८,३४८.००(४२.२७%) भएको पाइएको छ ।

**न्यायिक समितिबाट सम्पादित प्रमुख कार्यहरु**

- संबिधानको धारा २१७ बमोजिम गठित न्यायिक समिति अन्रतगत प्रत्येक वडामा मेलमिलाप केन्द्र रहेको ।
- स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ४७ (१) ४७ (२) बमोजिम दर्ता भएका उजुरीहरु दर्ता भएका जम्मा उजुरी संख्या २६ ( घरेलु हिंसा, लेनदेन, जग्गा सम्बन्धी विवाद, पति पत्नी विवाद आदी )
- मेलमिलाप केन्द्र तथा न्यायिक समितिबाट मेलमिलाप भएका उजुरी संख्या ७
- तामेलीमा रहेका उजरी संख्या १६
- सम्बन्धित निकायमा पठाईएको संख्या – ३
- न्यायिक समितिबाट मासिक रुपमा सर्वोच्च अदालत तथा जिल्ला अदालतमा प्रगति विवरण नियमित रुपमा पठाउने गरिएको ।
- कठघराको निमार्ण भएको भवन निमार्ण सम्पन्न नभएको कारण सेटअप गर्न वाकी रहेको ।
- मेलमिलापकर्ताहरुलाई ४८ घण्टे आधारभुत तालिम दिई विवाद व्यवस्थापन कार्यलाई थप व्यवस्थापन गन सहयोग भएको ।
- मेलमिलापकर्ता परीचयपत्रको व्यवस्था गरीएको ।
- मेलमिलाप केन्द्रमा फर्निचर व्यवस्थापन गर्न प्रक्रिया अगाडी बढाईएको ।
- प्रत्येक वडामा मेलमिलापकर्ताको सुचि राख्न सुचि तयार गरीएको ।
- वडा मेलमिलाप केन्द्रमा वोर्डको व्यवस्था गरीएको ।
- विवाद व्यवस्थापन कार्यलाई थप व्यवस्थापन गर्न आवश्यक समन्वय गरी कार्यहरु गर्ने गरीएको ।

**च) <u>पशुपंक्षी विकास</u>**

पशुपंक्षी विकास कार्यक्रमका लागि कुल बजेटः ८२,८८,०००.०० विनियोजन भएकोमा हालसम्मको कुल खर्चः २२,२६,३१३.००(२६.८६%) भएको देखिएको छ ।

पशुपंक्षी विकास तथा सेवा अन्तर्गत हालसम्म सम्पादन भएका प्रमुख कार्यहरु

- रेबिज भ्याक्सिनेशन खरिद गरी प्रयोगमा ल्याइएको ।
- कृतिम गर्वधान मिसन कार्यक्रम संचालन गरिएको ।
- सामुदायिक वनसंगको साझेदारीमा सामुहिक बाख्रापालन कार्यक्रम संचालन भएको ।
- घुम्ती पशुशिविर तथा औषधी वितरण कार्यक्रम संचालन गरिएको ।
- व्यवसायीक पशुपालकलाई साझेदारीमा च्यापकटर वितरण गरिएको ।
- वहुवर्षे घाँसको विउ वितरण गरिएको ।

**छ) रोजगार सेवा केन्द्र**

गाउँपालिकाको रोजगार सेवा केन्द्रका लागि कुल बजेटः १,११,००,०००.०० विनियोजन गरिएकोमा हालसम्म कुल खर्चः ३८,०१,८५८.०० भइ खर्च प्रतिशतः ३४.२५% भएको पाइएको छ ।

रोजगार सेवा तर्फ हालसम्म सम्पादित उल्लेखनीय कार्यहरु

- न्युनतम रोजगारी मार्फत बिपन्न परिवारहरुको जीवन स्तरमा आर्थिक सुधार/ सहायता भएको
- साझेदारी आयोजना संचालन गर्दा गाउँपालिका / वार्ड का योजनाहरुको कार्य प्रगति बढि देखिएको
- बैदेशिक रोजगारमा जानेहरुको श्रम स्वीकृत, आर्थिक सहायता, उद्दार तथा खोज लगायत बिषयमा सहजीकरण/ समन्वय गरिंदा स्थानीय स्तरमा सेवाग्राहीहरु लाभान्वित भएको
- बैदेशिक रोजगारबाट फर्केका (Returnee) हरुको Digital Profiling भएको ।

चुनौती/ समस्याः

- न्युनतम रोजगारीमा १०० दिन रोजगारी दिन संख्या नपुग्नु,
- साझेदारी आयोजनाहरुमा स्थानीय उपभोक्ता समितिबाट काम ढिला वा समयमा नहुनु
- भौगोलिक अवस्थाका कारण श्रमिकलाई काममा कठिनाई तथा प्राबिधिक इस्टिमेट अनुसार काममा फरक आउनु

**ज) <u>महिला बिकास</u>**

**महिला तथा बालवालिकाको क्षेत्रमा भएका उल्लेखनीय कार्यहरु**

- महिलाहरुको शसक्तिकरण तथा नेतृत्व विकास एंव क्षमता विकासमा वृद्धि भएको,
- निर्णय क्षमतामा विकास र निर्णयको पहुँचमा वृद्धि,
- समन्वय र सहकार्यमा अभिवृद्धि,
- सामाजिक परिवर्तनका लागि सञ्चालित अभियानहरु,
- महिलाहरु आयआर्जनका गतिविधि तर्फ उन्मुख भएको,

- अपाङ्गता कार्ड वितरण गरेको ।

**चुनौतीहरु**

- दिगोपनाभन्दा पनि समुदायका मानिसहरु आर्थिक प्रलोभनतिर लाग्नु,
- पहुँचवाला सदस्यले जुनसुकै अवसर पटक–पटक प्राप्त गर्नु,

**झ) प्रशासन तथा कार्यालय संचालन**

गाउँपालिकाको नियमित कार्य संचालन तथा सेवा प्रवाहका लागि विभिन्न सेवा र पदका स्थायी ६३ र करारमा १०७ गरी कूल १७० जना जनशक्ति कार्यरत रहेको गाउँपालिकामा यस अवधिसम्म दर्ता रहेका समिति तथा सहकारीहरूमा खानेपानी उपभोक्ता समितिहरुः १७, विभिन्न संघ संस्थाहरुः ४, घ वर्गको निर्माण व्यवसायी इजाजतः ७ र सहकारीः २८ मध्ये हाल २२ सकृय रहेका छन् ।

**ञ) पंजीकरण/सामाजिक सुरक्षा**

गाउँपालिकामा रहेको पंजिकरण तथा सामाजिक सुरक्षा शाखाको यस आ.ब.को हालसम्मको प्रगतिको अवस्था निम्नानुसार रहेको छ ।

- वर्ष २०८० मा कुल दर्ता गरिएका घटना दर्ताः १५६८
- तेस्रो त्रैमासिक भत्ता प्राप्त गर्ने लाभग्राहीको ९८.४१% विवरण रुजु रहेको ।
- दोस्रो त्रैमासिकमा कुल ३७०७ जना लाभग्राहीले भत्ता पाएको

**वित्तीय प्रगति साराँश**

| सि.नं. | वजेटका क्षेत्र | कुल | चैत्र २० गते सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 1 | पुर्वाधार विकास | २८०९७२२८०.०० | ४,७३,६५,२२५.०० | १६.७९ |
| 2 | सामाजिक विकास | ३३०८४५३००.०० | १५,७२,२२,५५१.९६ | ४७.४७ |
| 3 | आर्थिक विकास | ७६२२१०००.०० | २,४७,४०,३७७.८० | ३४.१ |
| 4 | सुशासन तथा अन्तरसम्वन्धीत क्षेत्र | २०८८५०००.०० | ५१,१६,००१.०० | २४.७३ |
| 5 | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ११०७५८७२०.०० | ५,८७,२१,७४३.२२ | ५१.९ |
|  | कुल जम्मा | ८१९६८२३००.०० | २९,३१,६५,८९८.९८ | ३५.७६ |